कर्णाली प्रदेश सरकार
भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, सल्यान

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2076@gmail.com
website:www.adosalyan.gov.np

प.सं. २०८१/०८२ मिति: २०८१/०७/२९

सू.च.नं. ९

**विषय: "मुल्यवान" कर्णाली किसानको सम्पदा नामक लोगो प्रयोग सम्वन्धी सुचना।**

यस जिल्लाको विशिष्ट भू-वनोट र हावापानीमा उत्पादन भएका कृषि उपजहरुको गुणस्तरलाई अलग पहिचान सहित मुल्य अभिवृद्धि गरि राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा परिचित गराउने तथा वजार प्रवर्द्धन गर्ने उद्देश्यका साथ् कर्णाली प्रदेश सरकारद्वारा प्रदान गरिने "मुल्यवान" कर्णाली किसानको सम्पदा नामक लोगो प्रयोग गरि विशिष्टकृत पहिचानका साथ यस जिल्लामा उत्पादित प्राङ्गारिक तथा रैथाने उपज (खाद्यान्न बाली, रैथाने बाली, मह, तरकारी, फलफुल आदि) उत्पादन तथा खरिद विक्रि गर्न ईच्छुक कृषि फर्म, कम्पनी, उद्योग, कृषक समूह, सहकारीबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि कार्यालयको Website: www.adosalyan.gov.np मा हेर्न तथा कार्यालयको फोन नं ०८८-५२०१३० मा सम्पर्क गर्न सकिने ब्योहरा अनुरोध छ।

मुल्यवान

चित्र : '"मुल्यवान" कर्णाली किसानको सम्पदा' नामक लोगो

**मापदण्ड:**

१. प्राङ्गारिक तथा रैथाने कृषि उपज उत्पादन तथा खरिद बिक्रि गरेको हुनुपर्ने।
२. उच्च गुणस्तरको उपज खरिद बिक्रि गरेको हुनुपर्ने।
३. खरिद तथा वितरण गरेको उपज गुणस्तरीय, स्वस्थ र स्थानीय उत्पादन भएको हुनुपर्ने।
४. सहकारी/समूहका सदस्यहरु प्राङ्गारिक कृषि उपज उत्पादनमा संलग्न भएको हुनुपर्ने।

**आवश्यक कागजात:**

१. उद्योग, समूह, कम्पनी वा सहकारी दर्ता प्रमाणको प्रतिलिपि
२. अनुसूची २ अनुसारको निवेदन तथा प्रस्ताव फारम
३. निवेदक, उत्पादक वा प्रशोधनकर्ता वा बिक्रेताले दफा ९ उपदफा (१) बमोजिमको आचार संहिता पालना गरेको प्रतिवद्धता पत्र
४. निवेदक, प्याकेजकर्ता भएमा खरिद गरिएको सामाग्रीको प्रशोधनकर्ताको लोगो प्रयोग इजाजतको प्रतिलिपि
५. प्राङ्गारिक प्रमाणीकरण गुणस्तर नियन्त्रण सम्बन्धी भएमा त्यसको प्रतिलिपि
६. नागरिकताको प्रतिलिपि

महेश आचार्य
नि. कार्यालय प्रमुख

"व्यवसयिक र सिर्जनशिल प्रशासनः विकास समृद्धि र सुशासन"